**प्रदेश राजपत्र**

लुम्बिनी प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ८) राप्ती उपत्यका (देउखुरी), नेपाल असार ३० गते, २०८१ साल (अतिरिक्ताङ्क ०७


# भाग १

# लुम्बिनी प्रदेश सरकार

## मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको सूचना

नेपालको संविधान बमोजिम लुम्बिनी प्रदेशको प्रदेश सभाले बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ ।

### सम्वत् २०८१ सालको ऐन नं ०१

### <u>आर्थिक वर्ष २०८१/०८२ को सेवा र कार्यको लागि प्रदेश सञ्चित कोषबाट केही रकम विनियोजन र खर्च गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन</u>

**प्रस्तावना:** आर्थिक वर्ष २०८१/०८२ को सेवा र कार्यको लागि प्रदेश सञ्चित कोषबाट व्यय हुने रकम विनियोजन गर्ने र खर्च गर्ने अधिकार दिन वाञ्छनीय भएकोले,

लुम्बिनी प्रदेशको प्रदेश सभाले यो ऐन बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भ:** (१) यस ऐनको नाम "**प्रदेश विनियोजन ऐन, २०८१**" रहेको छ।

(२) यो ऐन संवत् २०८१ साल साउन १ गतेदेखि प्रारम्भ हुनेछ।

२. **आर्थिक वर्ष २०८१/०८२ को निमित्त प्रदेश सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकार:** आर्थिक वर्ष २०८१/०८२ को लागि अनुसूची-१ बमोजिम प्रदेश सञ्चित कोषमाथि व्ययभार हुने रकम बाहेक अनुसूची-२ को महल ३ मा उल्लिखित निकायले गर्ने सेवा र कार्यका निमित्त सोही अनुसूचीको महल ४ मा उल्लिखित चालु खर्च र महल ५ मा उल्लिखित पुँजीगत खर्चसमेत गरी महल ६ मा उल्लिखित जम्मा रकम **रू. ३८,९५,९५,३६,०००/- (अक्षेरुपी अठ्तीस अर्ब पन्चानब्बे करोड पन्चानब्बे लाख छत्तिस हजार)** मा नबढाई निर्दिष्ट गरिए बमोजिम प्रदेश सञ्चित कोषबाट खर्च गर्न सकिनेछ।

३. **विनियोजन:** यस ऐनद्वारा प्रदेश सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०८१/०८२ को लागि अनुसूची-२ को महल ३ मा उल्लिखित निकायले गर्ने सेवा र कार्यको लागि विनियोजन गरिएको छ।

४. **अख्तियारी तथा कार्यक्रम स्वीकृति सम्बन्धी व्यवस्था:** (१) प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएको भए तापनि विनियोजन भएको

रकम प्रचलित कानुनको अधीनमा रही खर्च गर्ने अख्तियारी यो ऐन प्रारम्भ भएको मितिदेखि अधिकार प्राप्त अधिकारीलाई हुनेछ।

(२) उपदफा (१) बमोजिम खर्च गर्ने अख्तियारीको आधारमा प्रदेश लेखा नियन्त्रक कार्यालय वा सम्बन्धित प्रदेश लेखा इकाई कार्यालयले सम्बन्धित निकायलाई विनियोजन भएको रकम निकासा दिनेछ।

(३) एक मन्त्रालय अन्तर्गत विनियोजित बजेट अर्को मन्त्रालय अन्तर्गतको निकायमार्फत कार्यक्रम सञ्चालन गरी खर्च गर्न आवश्यक भएमा त्यस्तो वार्षिक कार्यक्रम र बजेट विनियोजन भएको निकायको सचिवले सम्बन्धित निकायको सचिवलाई त्यस्तो कार्यक्रम र बजेट विनियोजनको खर्च गर्ने अख्तियारी संवत् २०८१ साल असोज मसान्तभित्र प्रदान गरी सक्नुपर्नेछ र सोको जानकारी महालेखा परीक्षकको कार्यालय, आर्थिक मामिला तथा योजना मन्त्रालय, प्रदेश लेखा नियन्त्रक कार्यालय वा सम्बन्धित प्रदेश लेखा इकाई कार्यालयलाई दिनुपर्नेछ।

(४) कुनै निकायलाई एकभन्दा बढी निकायमार्फत खर्च गर्ने गरी रकम विनियोजन भएकोमा विनियोजन भएको निकायको प्रमुखले संवत् २०८१ साल असोज मसान्तभित्र विनियोजन भएको सम्पूर्ण रकम खर्च गर्ने निकायलाई हासिल गर्नुपर्ने प्रतिफल तथा उपलब्धिसहित स्रोतगत बाँडफाँट गरी सोको जानकारी महालेखा परीक्षकको कार्यालय, आर्थिक मामिला तथा योजना मन्त्रालय, प्रदेश लेखा नियन्त्रक कार्यालय वा सम्बन्धित प्रदेश लेखा इकाई कार्यालयलाई दिनुपर्नेछ।

(५) उपदफा (३) र (४) बमोजिम विनियोजन भएको रकम कुनै मनासिब कारणले सो अवधिभित्र बाँडफाँट गर्न नसकेमा

त्यस्तो विनियोजन भएको निकायको प्रमुखले सोको कारण खुलाई संवत् २०८१ साल मंसिर मसान्तभित्र बाँडफाँटको लागि अनुरोध गरेमा आर्थिक मामिला तथा योजना मन्त्रालयले आवश्यकता र औचित्य हेरी संवत् २०८१ साल पुष मसान्तभित्र बाँडफाँट गरिदिन सक्नेछ। सो समयावधिभित्र बाँडफाँट गरी प्रदेश मन्त्रालयगत बजेट सूचना प्रणालीमा प्रविष्टी नभएमा आर्थिक मामिला तथा योजना मन्त्रालयले त्यस्तो रकम रोक्का राख्न सक्नेछ।

(६) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि प्राकृतिक प्रकोप लगायतका विपद्जन्य परिस्थिति सिर्जना भएमा त्यस्तो रकम आर्थिक मामिला तथा योजना मन्त्रालयको सहमति लिई सम्बन्धित मन्त्रालयले आवश्यकता अनुसार बाँडफाँट गर्न सक्नेछ।

(७) उपदफा (४), (५) र (६) बमोजिमको बाँडफाँटबाट रकम प्राप्त गर्ने निकायको प्रमुखलाई त्यस्तो रकम खर्च गर्न अख्तियारी प्राप्त भएको मानिनेछ ।

(८) प्रदेश मन्त्रालयगत बजेट सूचना प्रणालीमा विस्तृत रूपमा क्रियाकलाप उल्लेख गरी समावेश भएको कार्यक्रम त्यस्तो कार्यक्रम कार्यान्वयन गर्ने प्रयोजनको लागि स्वीकृत कार्यक्रम मानिनेछ।

तर, प्रशासनिक खर्च बाहेक प्रदेश मन्त्रालयगत बजेट सूचना प्रणालीमा विस्तृत रूपमा क्रियाकलाप उल्लेख नभएको कार्यक्रमको हकमा विनियोजन भएको निकायले विस्तृत क्रियाकलाप खुलाई आर्थिक मामिला तथा योजना मन्त्रालयको सहमति लिई प्रदेश सरकारबाट स्वीकृत गराई त्यस्ता विस्तृत क्रियाकलाप प्रदेश मन्त्रालयगत बजेट सूचना प्रणालीमा संवत् २०८१ साल पुष

मसान्तभित्र प्रविष्टी गरिसक्नु पर्नेछ। सो समयावधिभित्र स्वीकृत गरी प्रदेश मन्त्रालयगत बजेट सूचना प्रणालीमा प्रविष्टी नभएमा आर्थिक मामिला तथा योजना मन्त्रालयले त्यस्तो रकम रोक्का राख्न सक्नेछ।

५. **<u>रकमान्तर, स्रोतान्तर र कार्यक्रम संशोधन सम्बन्धी व्यवस्थाः</u>** (१) दफा ३ बमोजिम अनुसूची- २ को महल ३ मा उल्लिखित निकायले गर्ने सेवा र कार्यको निमित्त विनियोजन गरेको रकममध्ये कुनै अनुदान सङ्केतमा बचत हुने र कुनै अनुदान सङ्केतमा अपुग हुने देखिएमा आर्थिक मामिला तथा योजना मन्त्रालयले बचत हुने अनुदान सङ्केतबाट अपुग हुने अनुदान सङ्केतमा रकमान्तर गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम रकमान्तर गर्दा जम्मा विनियोजित रकमको दश प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एकभन्दा बढी अनुदान सङ्केतबाट अर्को एक वा एकभन्दा बढी अनुदान सङ्केतमा रकमान्तर गर्न, खर्च लेख्न र चालु तथा पुँजीगत खर्चतर्फ एक स्रोतबाट अर्को स्रोतमा रकमान्तर गर्न सकिनेछ।

तर,

(क) एउटै अनुदान सङ्केतभित्रका बजेट उपशीर्षकमा रकमान्तर गर्दा जतिसुकै रकम रकमान्तर गर्न सकिनेछ।

(ख) पुँजीगत खर्च शीर्षकतर्फ विनियोजित रकम चालु खर्च शीर्षकतर्फ रकमान्तर गर्न सकिने छैन।

(ग) बहुवर्षीय आयोजना वा कार्यक्रममा विनियोजन भएको रकम अन्य बहुवर्षीय आयोजनामा बाहेक अन्यत्र रकमान्तर गर्न सकिने छैन।

(३) स्थानीय तहका लागि अनुदान सङ्केत ८०१ मा विनियोजन भएको वित्तीय समानीकरण अनुदान रकम अन्य अनुदान सङ्केतमा रकमान्तर हुने छैन।

(४) उपदफा (१) र (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि अनुदान सङ्केत ६०२ (अर्थ विविध) मा विनियोजन भएको रकम जुन अनुदान सङ्केतमा निकासा र खर्च हुने हो सोही अनुदान सङ्केतमा रकमान्तर गर्न तथा निकासा र खर्च लेख्न बाधा पर्ने छैन।

(५) दफा ४ को उपदफा (८) बमोजिम प्रदेश मन्त्रालयगत बजेट सूचना प्रणालीमा समावेश भएको कुनै कार्यक्रम संशोधन गर्नुपर्ने भएमा सम्बन्धित निकायले आर्थिक मामिला तथा योजना मन्त्रालयको सहमति लिई संशोधन गर्न सक्नेछ।

तर, स्वीकृत आयोजना तथा कार्यक्रम अन्तर्गतको एउटै खर्च शीर्षकभित्रको क्रियाकलाप संशोधन गर्नुपर्ने भएमा स्रोतमा परिवर्तन नहुने गरी आवश्यकता र औचित्यका आधारमा संवत् २०८१ साल पुस महिनाभित्र सम्बन्धित लेखा उत्तरदायी अधिकृतले संशोधन गर्न सक्नेछ।

(६) उपदफा (५) मा जुनसुकै कुरा लेखिएको भए तापनि प्रदेश मन्त्रालयगत बजेट सूचना प्रणालीमा समावेश भएको कार्यक्रममा उल्लिखित क्रियाकलापको वार्षिक लक्ष्य नघट्ने गरी सशर्त, समपूरक र विशेष अनुदान बाहेक सम्बन्धित निकायको लेखा उत्तरदायी अधिकृतले देहाय बमोजिम कार्यक्रम संशोधन तथा रकमान्तर गर्न सक्नेछः-

(क) एकै बजेट उपशीर्षक भित्रको भइरहेको क्रियाकलापको परिमाणात्मक लक्ष्य थप-घट गर्ने गरी कार्यक्रम संशोधन,

(ख) खण्ड (क) बमोजिम कार्यक्रम संशोधन गर्दा रकमान्तर गर्नुपर्ने भएमा स्रोत परिवर्तन नहुने गरी प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा १७ को अधीनमा रही उही बजेट उपशीर्षकभित्र एक खर्च शीर्षकबाट अर्को खर्च शीर्षकमा थप हुने खर्च शीर्षकको शुरू विनियोजनको पन्ध्र प्रतिशतसम्मको रकमान्तर,

(ग) दफा ४ को उपदफा (३), (४) र (८) को अवस्थामा बाहेक आर्थिक वर्षको प्रथम त्रैमासिक अवधिसम्म बाहेक रकमान्तर र कार्यक्रम संशोधन,

(घ) एकभन्दा बढी निकायमा रहेको एकै बजेट उपशीर्षक अन्तर्गतको एकै खर्च शीर्षकको रकम एक निकायबाट घटाई अर्को निकायमा थप गर्नुपर्ने भएमा रकम घटाउने कार्यालयसँग सम्बन्धित बजेट प्रदेश मन्त्रालयगत बजेट सूचना प्रणालीमा रोक्का राखी क्रियाकलाप परिवर्तन नगरी र कूल परिमाणात्मक लक्ष्य नघट्ने गरी कार्यक्रम संशोधन।

(७) प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएको भए तापनि सम्बन्धित लेखा उत्तरदायी अधिकृतले सुरू विनियोजन नभएको खर्च सङ्केतमा तथा नयाँ क्रियाकलापमा दफा ४ को उपदफा (३), (४) र (८) को अवस्थामा बाहेक आर्थिक वर्षको दोस्रो त्रैमासिक अवधिसम्म र असार महिनामा रकमान्तर गर्न पाइने छैन।

(८) उपदफा (६) र (७) बमोजिम संशोधन भएको जानकारी महालेखा परीक्षकको कार्यालय, आर्थिक मामिला तथा योजना मन्त्रालय र प्रदेश लेखा नियन्त्रक कार्यालय वा सम्बन्धित प्रदेश लेखा इकाई कार्यालयलाई दिनुपर्नेछ।

(९) प्रदेश मन्त्रालयगत बजेट सूचना प्रणालीमा समावेश भएको कुनै कार्यक्रमको नाम, ठेगाना जस्ता विषयमा सामान्य संशोधन गर्नुपर्ने भएमा सो कार्यक्रमको उद्देश्य, मर्म र क्षेत्र परिवर्तन नहुने गरी सम्बन्धित निकायले सो क्षेत्रका निर्वाचित प्रदेश सभा सदस्यको सिफारिसमा आर्थिक मामिला तथा योजना मन्त्रालयको सहमति लिई दोस्रो त्रैमासिक अवधिभित्र संशोधन गर्नुपर्नेछ।

(१०) उपदफा (९) मा जुनसुकै कुरा लेखिएको भए तापनि सरकारी निकाय बाहेक अन्य संस्था र व्यक्ति विशेषको नाम उल्लेख भएको कार्यक्रमको उद्देश्य, मर्म र क्षेत्र परिवर्तन हुने गरी संशोधन र रकमान्तर गर्न पाईने छैन ।

(११) प्रदेश मन्त्रालयगत बजेट सूचना प्रणालीमा समावेश भएको कुनै कार्यक्रम वा आयोजनाको रकम एक वा एकभन्दा बढी निकायमा दोहोरो पर्ने गरी विनियोजन भएको भए बढी रकम विनियोजन भएको एउटा मात्र कार्यक्रम वा आयोजना

कार्यान्वयन गर्नुपर्नेछ। यसरी दोहोरो पर्ने गरी एक भन्दा बढी निकायमा रकम विनियोजन भएकोमा त्यस्ता कार्यक्रम वा आयोजना समान रकमका भए आर्थिक मामिला तथा योजना मन्त्रालयले कार्यक्रम वा आयोजना कार्यान्वयन गर्ने निकाय तोकिदिनेछ।

६. **अन्तर-सरकारी वित्तीय हस्तान्तरण सम्बन्धी व्यवस्था:** (१) अनुदान सङ्केत ८०१ को रकम स्थानीय तहले कानुन बमोजिम खर्च गर्न पाउने गरी अनुदानको रूपमा सम्बन्धित स्थानीय तहको स्थानीय सञ्चित कोषमा हस्तान्तरण गरिनेछ।

(२) उपदफा (१) बमोजिमको रकममध्ये वित्तीय समानीकरण अनुदानको रकम प्रदेश लेखा नियन्त्रक कार्यालय वा सम्बन्धित प्रदेश लेखा इकाई कार्यालयले स्थानीय तहको सञ्चित कोषमा दाखिला हुने गरी प्रत्येक आर्थिक वर्षको भाद्र, मंसिर, फागुन र जेठ महिना गरी चार समान किस्तामा हस्तान्तरण गर्नेछ।

(३) उपदफा (१) बमोजिमको रकममध्ये सशर्त, समपूरक र विशेष अनुदान रकमको एक तिहाई रकम प्रदेश लेखा नियन्त्रक कार्यालय वा सम्बन्धित प्रदेश लेखा इकाई कार्यालयले भाद्र मसान्तभित्र र बाँकी रकम प्रदेश लेखा नियन्त्रक कार्यालय वा सो कार्यालयको निर्देशनमा सम्बन्धित प्रदेश लेखा इकाई कार्यालयले कार्य प्रगति र खर्चको विवरणका आधारमा सम्बन्धित स्थानीय तहको सञ्चित कोषमा हस्तान्तरण गर्नेछ र सोको जानकारी आर्थिक मामिला तथा योजना मन्त्रालयलाई दिनुपर्नेछ।

(४) उपदफा (२) र (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि विपद् वा अन्य कुनै असामान्य परिस्थिति उत्पन्न भई लक्ष्य अनुरूप राजस्व सङ्कलन हुन नसकेमा वा नेपाल सरकारबाट प्राप्त हुने अनुदान तथा राजस्व बाँडफाँटको रकम परिवर्तन भएमा

वित्तीय समानीकरण अनुदानको सीमा राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको सुत्र बमोजिम र अन्य अनुदानको सीमा प्रदेश सरकारले पुनः निर्धारण गर्न सक्नेछ।

(५) उपदफा (३) बमोजिमको अनुदानबाट खर्च भएको रकमको विवरण स्थानीय तहले प्रदेश लेखा नियन्त्रक कार्यालय वा सम्बन्धित प्रदेश लेखा इकाई कार्यालय र आर्थिक मामिला तथा योजना मन्त्रालयमा कार्तिक, माघ र बैशाख महिनाको ७ गतेभित्र र वार्षिक आर्थिक विवरण आगामी आर्थिक वर्षको भदौ ७ गतेभित्र पेश गर्नुपर्नेछ।

(६) उपदफा (५) बमोजिमको विवरण प्राप्त नभएसम्म वित्तीय समानीकरण अनुदान बापतको बाँकी रकम रोक्का राख्न सकिनेछ।

(७) स्थानीय तहले उपदफा (३) बमोजिम प्राप्त गर्ने अनुदान जुन विषय वा क्षेत्रको आयोजना वा कार्यक्रमको लागि प्राप्त भएको हो सोहि आयोजना वा कार्यक्रममा मात्र खर्च गर्ने गरी कार्यान्वयन गर्ने अवधि, कार्यान्वयन प्रक्रिया, मासिक नगद प्रवाहको विवरण, सम्बन्धित सभाले पारित गरेको राजस्व र व्ययको अनुमान र खर्च अनुमान सहितको कार्ययोजना साउन मसान्तभित्र प्रदेश लेखा नियन्त्रक कार्यालय वा सम्बन्धित प्रदेश लेखा इकाई कार्यालयमा पेश गर्नुपर्नेछ।

(८) उपदफा (३) बमोजिमको अनुदान रकम आर्थिक वर्षभित्र खर्च नभई बचत भएमा त्यस्तो बचत रकम सम्बन्धित स्थानीय तहले प्रदेश लेखा नियन्त्रक कार्यालय वा सम्बन्धित प्रदेश लेखा इकाई कार्यालयमार्फत सोहि आर्थिक वर्षको असार मसान्तभित्र प्रदेश सञ्चित कोषमा फिर्ता दाखिला गर्नुपर्नेछ। कुनै

मनासिब कारणले उक्त अवधिभित्र रकम फिर्ता गर्न नसकिएमा आगामी आर्थिक वर्षको साउन मसान्तभित्र फिर्ता गरी सक्नुपर्नेछ।

(९) उपदफा (८) बमोजिम अनुदानको रकम फिर्ता दाखिला नभएमा प्रदेश लेखा नियन्त्रक कार्यालय वा सम्बन्धित प्रदेश लेखा इकाई कार्यालयले आगामी आर्थिक वर्षमा हस्तान्तरण हुने वित्तीय समानीकरण अनुदान र राजस्व बाँडफाँटको रकमबाट कट्टा गरी समायोजन गर्नेछ। सोको जानकारी आर्थिक मामिला तथा योजना मन्त्रालयलाई दिनुपर्नेछ।

(१०) प्रदेश आर्थिक ऐनले निर्धारण गरे बमोजिम स्थानीय तहले संकलन गरी स्थानीय विभाज्य कोषमा जम्मा गरेको नदीजन्य पदार्थ दहत्तर बहत्तर, मनोरञ्जन कर र विज्ञापन कर बाँडफाँट गरी प्रदेश सरकारको हिस्सा प्रदेश सञ्चित कोषमा दाखिला नगरेमा प्रदेश सरकारबाट स्थानीय तहलाई हस्तान्तरण गरिने वित्तीय समानिकरण अनुदान, सशर्त अनुदान, समपुरक अनुदान, विशेष अनुदान र राजस्व बाँडफाँटको रकम रोक्का राख्न सकिनेछ।

७. <u>**आयोजना वा कार्यक्रम कार्यान्वयन सम्बन्धी विशेष व्यवस्थाः**</u> (१) यस ऐन बमोजिम प्रदेश सरकारको कुनै निकायबाट कार्यान्वयन गर्ने गरी रकम विनियोजन भएको कुनै आयोजना वा कार्यक्रम स्थानीय तहमार्फत कार्यान्वयन गर्नुपर्ने भएमा सम्बन्धित स्थानीय तहको पूर्व सहमति लिई संवत् २०८१ साल पुष मसान्तभित्र प्रदेश सरकारको सम्बन्धित मन्त्रालयले आर्थिक मामिला तथा योजना मन्त्रालयको सहमति लिई त्यस्तो स्थानीय तहले कार्यान्वयन गर्ने गरी वित्त हस्तान्तरण गर्नुपर्नेछ।

(२) यस ऐन वा प्रचलित कानुन मा जुनसुकै कुरा लेखिएको भए तापनि स्थानीय तहको बजेट तथा कार्यक्रममा समावेश भएको पुँजीगततर्फको कुनै आयोजना वा कार्यक्रम स्थानीय तहले प्रदेश सरकारको सम्बन्धित कार्यालयमार्फत कार्यान्वयन गराउन आवश्यक ठानेमा प्रदेश सरकारको सम्बन्धित मन्त्रालयको स्वीकृति लिई सम्बन्धित स्थानीय तहले त्यस्तो आयोजना वा कार्यक्रम प्रदेश सरकारको सम्बन्धित कार्यालयमार्फत कार्यान्वयन गर्ने निर्णय गर्न सक्नेछ।

(३) उपदफा (१) र (२) बमोजिमको निर्णयको जानकारी महालेखा परीक्षकको कार्यालय, सम्बन्धित मन्त्रालय, प्रदेश लेखा नियन्त्रक कार्यालय प्रदेश लेखा इकाई कार्यालय र सम्बन्धित स्थानीय तहलाई दिनुपर्नेछ।

(४) उपदफा (१) बमोजिम स्थानीय तहमार्फत कार्यान्वयन गर्ने गरी वित्त हस्तान्तरण भएका कार्यक्रममा विनियोजित रकमको एक तिहाई रकम हस्तान्तरण गरिनेछ। बाँकी रकम कार्य प्रगति र खर्च विवरणका आधारमा दफा ६ को उपदफा (३) बमोजिम हस्तान्तरण हुनेछ।

(५) उपदफा (२) बमोजिम स्थानीय तहको आयोजना प्रदेश सरकारको सम्बन्धित निकायमार्फत कार्यान्वयन गर्ने निर्णय भएमा स्थानीय तहले सो निकायको नाममा प्रदेश लेखा नियन्त्रक कार्यालय वा सम्बन्धित प्रदेश लेखा इकाई कार्यालयमा रहेको विविध खातामा जम्मा हुने गरी रकम निकासा दिनुपर्नेछ।

(६) उपदफा (५) बमोजिमको खातामा जम्मा भएको रकममध्ये आर्थिक वर्षको अन्त्यसम्म खर्च नभई बाँकी रहेको रकम सम्बन्धित स्थानीय तहको सञ्चित कोषमा फिर्ता गर्नुपर्नेछ।

(७) यस ऐन बमोजिम प्रदेश सरकारको कुनै निकायबाट कार्यान्वयन गर्ने गरी विनियोजन भएको पुँजीगततर्फको कुनै आयोजना वा कार्यक्रम नेपाल सरकारका निकायमार्फत कार्यान्वयन गर्नुपर्ने भएमा प्रदेश सरकारको सम्बन्धित निकायले आर्थिक मामिला तथा योजना मन्त्रालयको सहमतिमा संघीय विनियोजन ऐन बमोजिम नेपाल सरकारको सम्बन्धित मन्त्रालय र अर्थ मन्त्रालयको स्वीकृति लिई नेपाल सरकारका निकायमार्फत कार्यान्वयन गर्ने गरी निर्णय गर्नुपर्नेछ।

(८) उपदफा (७) बमोजिमको निर्णयको जानकारी महालेखा परीक्षकको कार्यालय, नेपाल सरकारको सम्बन्धित मन्त्रालय, आर्थिक मामिला तथा योजना मन्त्रालय र प्रदेश लेखा नियन्त्रक कार्यालय वा सम्बन्धित प्रदेश लेखा इकाई कार्यालयलाई दिनुपर्नेछ।

(९) उपदफा (८) बमोजिम नेपाल सरकारको कुनै निकायबाट आयोजना वा कार्यक्रम कार्यान्वयन गर्ने निर्णयको जानकारी प्राप्त भएमा आर्थिक मामिला तथा योजना मन्त्रालयले सो निर्णयलाई खर्च गर्ने अख्तियारी मानी प्रदेश निकायको रूपमा कार्यालय कोड दिई प्रदेश मन्त्रालयगत बजेट सूचना प्रणालीमा प्रविष्ट गर्न लगाई आयोजना वा कार्यक्रममा विनियोजित बजेट प्रदेशको एकल खाता कोष प्रणालीमार्फत प्रदेश लेखा नियन्त्रक कार्यालय वा सम्बन्धित प्रदेश लेखा इकाई कार्यालयले रकम निकासा दिनुपर्नेछ।

(१०) आर्थिक मामिला तथा योजना मन्त्रालयबाट स्रोत सहमति लिई कार्यान्वयनमा रहेको वा सो सहमतिले सृजित दायित्व भएको आयोजना वा कार्यक्रमको स्रोत व्यवस्थापन पूर्ण रूपमा

सुनिश्चित गरेर मात्र नयाँ कार्यक्रम वा आयोजना कार्यान्वयन गर्नु पर्नेछ।

८. **लेखाङ्कन, प्रतिवेदन तथा लेखापरीक्षण सम्बन्धी व्यवस्थाः** (१) यस ऐन बमोजिम एक तहको बजेट तथा कार्यक्रममा समावेश भएको कुनै आयोजना वा कार्यक्रम अर्को तहबाट कार्यान्वयन गर्दा खर्च गर्ने निकायले रकम विनियोजन भएको तहको खर्च इकाईको रूपमा प्रचलित कानुनले तोके बमोजिमको लेखा राखी, आर्थिक विवरण प्रमाणित गराई आन्तरिक तथा अन्तिम लेखापरीक्षण गराउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको प्रमाणित आर्थिक विवरण र लेखापरीक्षण प्रतिवेदन शुरू विनियोजन भएको तह र प्रदेश लेखा नियन्त्रक कार्यालय वा सम्बन्धित प्रदेश लेखा इकाई कार्यालयमा पठाउनु पर्नेछ।

(३) नेपाल सरकारबाट सशर्त अनुदान अन्तर्गत वैदेशिक स्रोत समावेश भएका कुनै आयोजना वा कार्यक्रम प्रदेशले कार्यान्वयन गर्ने गरी वित्तीय हस्तान्तरणमार्फत प्राप्त भएमा त्यस्तो आयोजना वा कार्यक्रम कार्यान्वयन गर्ने निकायले बजेटको स्रोत र भुक्तानी विधि सम्झौतामा निर्दिष्ट गरेको ढाँचामा तोकिएको समयभित्र तयार गरी प्रदेश सरकारको सम्बन्धित मन्त्रालयमार्फत नेपाल सरकारको सम्बन्धित मन्त्रालय, सोधभर्ना माग गर्ने निकाय र प्रदेश लेखा नियन्त्रक कार्यालय वा सम्बन्धित प्रदेश लेखा इकाई कार्यालयमा प्रतिवेदन पेश गर्नुपर्नेछ।

९. **वित्तीय अनुशासन सम्बन्धी व्यवस्थाः** (१) स्थानीय तहले सङ्कलन गरेको राजस्व र यस ऐन तथा प्रचलित कानुन बमोजिम प्राप्त गरेको राजस्व बाँडफाँट तथा वित्तीय हस्तान्तरण बापतको रकम कानुन बनाई खर्च गर्नुपर्नेछ।

(२) उपदफा (१) बमोजिम खर्च गर्दा र कानुन बनाउँदा देहायका विषय पालना गर्नुपर्नेछः-

(क) प्रदेश सरकारको आर्थिक र वित्तीय कानुन तथा नीति अनुशरण गर्ने,

(ख) सबै आय आफ्नो सञ्चित कोषमा दाखिल गर्ने,

(ग) अनुदानको रकम जुन प्रयोजनको लागि प्राप्त भएको हो सोहि प्रयोजनमा खर्च गर्ने,

(घ) पुँजीगत खर्चको रूपमा विनियोजन भएको रकम चालु खर्चमा रकमान्तर नगर्ने,

(ङ) कुनै आयोजना वा कार्यक्रममा विनियोजन भएको रकम खण्डीकरण गरी अन्य आयोजना वा कार्यक्रममा खर्च गर्न नपाइने,

(च) आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ तथा अन्य प्रचलित कानुनले निर्धारण गरे बमोजिमको आय व्ययको वर्गीकरण, लेखाङ्कन तथा प्रतिवेदन प्रणाली लागू गर्ने,

(छ) सशर्त, समपूरक र विशेष अनुदानका आयोजना वा कार्यक्रमको एक पटक ठेक्का बन्दोबस्त भई सकेपछि बचत रकमबाट पुनः ठेक्का लगाउन नपाइने,

(ज) सशर्त, समपूरक र विशेष अनुदानका आयोजना वा कार्यक्रमको लागत अनुमान तयार गर्दा प्रदेशबाट हस्तान्तरण भएको

अनुदान रकममा नबढाई ठेक्का बन्दोबस्त गर्नुपर्नेछ र सोही लागत अनुमान अनुसार भएको ठेक्का सम्झौता रकमको मात्र प्रदेशबाट वित्तीय हस्तान्तरण गरिने।

(३) प्रचलित कानुन बमोजिम प्रदेश सरकार अन्तर्गत स्थापना वा गठन भएका बोर्ड, समिति, प्रतिष्ठान, आयोग, परिषद् वा यस्तै प्रकृतिका अन्य संस्थाले प्रदेश सरकारबाट प्राप्त जुनसुकै प्रकृतिको अनुदान प्रदेश सरकारको कार्यसञ्चालन कोष (विविध) खाताबाट खर्च गर्दै आएको भए आर्थिक वर्ष समाप्त हुनुभन्दा कम्तीमा सात दिन अगावै भुक्तानी दिनुपर्ने रकम भुक्तानी दिई निकासा र खर्चको लेखा अद्यावधिक गरी भुक्तानी निकासा बन्द गर्नुपर्नेछ र सोहि आर्थिक वर्षभित्र खर्च हुन नसकी त्यस्तो खातामा बाँकी रहेको रकम असार मसान्तभित्र प्रदेश सरकारलाई फिर्ता गर्नुपर्नेछ।

(४) उपदफा (३) बमोजिम फिर्ता गर्नुपर्ने रकम फिर्ता नगरेमा प्रदेश लेखा नियन्त्रक कार्यालय वा सम्बन्धित प्रदेश लेखा इकाई कार्यालयले त्यस्तो खातामा रहेको रकम रोक्का राख्न सक्नेछ र आर्थिक मामिला तथा योजना मन्त्रालयले त्यस्तो रकम बराबर आगामी आर्थिक वर्षमा उपलब्ध गराउने निःशर्त अनुदान रकमबाट कट्टा गर्नेछ।

(५) यस ऐन बमोजिम बजेट विनियोजन भई खर्च गर्ने निकायले कुनै आयोजना वा कार्यक्रमको एक पटक ठेक्का बन्दोबस्त भई सकेपछि बचत हुने रकमको पुनः ठेक्का लगाउन पाइने छैन।

तर बचत हुने रकम खर्च गर्नु पर्ने भएमा आर्थिक मामिला योजना मन्त्रालयको सहमति लिनुपर्नेछ।

(६) स्वीकृत बजेट र कार्यक्रममा समावेश भएको बाहेक आर्थिक दायित्व सिर्जना हुने विषयमा निर्णय गर्दा वा प्रदेश सरकार, मन्त्रिपरिषद्मा प्रस्ताव पेश गर्दा अनिवार्य रुपमा आर्थिक मामिला तथा योजना मन्त्रालयको पूर्वसहमति लिएर गर्नुपर्नेछ ।

(७) यस ऐनबाट विनियोजित रकमभन्दा बढी रकमको आयोजना वा कार्यक्रम स्वीकृत गर्ने वा ठेक्का लगाउने वा खरिद प्रक्रिया प्रारम्भ गर्ने कर्मचारीलाई आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ५७ बमोजिम सम्बन्धित अधिकारीले कारवाही गर्न सक्नेछ ।

**१०. <u>निर्देशिका, कार्यविधि, मापदण्ड वा मार्गदर्शन बनाउन सक्नेः</u>** (१) यस ऐनको कार्यान्वयन गर्न प्रदेश सरकारले आवश्यक निर्देशिका, कार्यविधि वा मापदण्ड बनाउन सक्नेछ।

(२) स्वीकृत वार्षिक कार्यक्रममा समावेश भई रकम विनियोजन भएको कार्यक्रमको कार्यान्वयनको लागि कार्यविधि बनाउनु पर्ने भएमा प्रदेश सरकारको सम्बन्धित मन्त्रालय वा सचिवालयले पुष मसान्तभित्र कार्यविधी तयार गरी आफ्नो वेबसाइटमा राख्नुपर्नेछ।

तर आर्थिक दायित्व सिर्जना हुने कार्यविधि बनाउँदा प्रदेश सरकार आर्थिक मामिला तथा योजना मन्त्रालयको सहमति लिनुपर्नेछ।

(३) उपदफा (१) बमोजिमको निर्देशिका, कार्यविधि वा मापदण्ड प्रदेश राजपत्रमा प्रकाशन गर्नुपर्नेछ।

(४) यस ऐन बमोजिम विनियोजन भएको रकम खर्च गर्ने सम्बन्धमा आर्थिक मामिला तथा योजना मन्त्रालयले आवश्यक मार्गदर्शन बनाई लागू गर्न गराउन सक्नेछ।

११. <u>आवश्यक व्यवस्था गर्न सक्नेः</u> (१) यस ऐनको कार्यान्वयन गर्दा कुनै बाधा उत्पन्न भएमा प्रदेश सरकारले आदेश जारी गरी आवश्यक व्यवस्था गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम जारी भएको आदेश प्रदेश राजपत्रमा प्रकाशन गर्नुपर्नेछ।

# अनुसूची-१

(दफा २ सँग सम्बन्धित)

नेपालको संविधान बमोजिम

## प्रदेश सञ्चित कोषमाथि व्ययभार हुने रकम

**रू. हजारमा**

| १ | २ | ३ | ४ | ५ | ६ |
|---|---|---|---|---|---|
| **क्र.सं.** | **अनुदान सङ्ख्या** | **शीर्षकको नाम** | **चालु** | **पुँजीगत** | **जम्मा** |
| १. | २०२ | प्रदेश सभा | ५९२८ | ० | ५९२८ |
| २. | २१० | प्रदेश लोक सेवा आयोग | ३५३६ | ० | ३५३६ |
| ३. | ६०२ | आर्थिक मामिला तथा योजना मन्त्रालय-फैसला वा आदेश बमोजिम तिर्नुपर्ने रकम | १००० | ० | १००० |
| | | **जम्मा** | **१०४६४** | **०** | **१०४६४** |

# अनुसूची-२

(दफा २ र ३ सँग सम्बन्धित)

**प्रदेश सञ्चित कोषबाट व्यय हुने रकम**

रू. हजारमा

| १ | २ | ३ | ४ | ५ | ६ |
|---|---|---|---|---|---|
| क्र.सं. | अनुदान सङ्ख्या | शीर्षकको नाम | चालु | पुँजीगत | जम्मा |
| १. | २०२ | प्रदेश सभा | २१९०७२ | ५०००० | २६९०७२ |
| २. | २१० | प्रदेश लोक सेवा आयोग | ७९४६४ | ७००० | ८६४६४ |
| ३. | ३०१ | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | ६०६७०५ | ३९२०० | ६४५९०५ |
| ४. | ३०५ | आर्थिक मामिला तथा योजना मन्त्रालय | ९५००० | ५००० | १००००० |
| ५. | ३०७ | उद्योग, पर्यटन तथा सहकारी मन्त्रालय | ६२४७९३ | ८१९९१० | १४४४७०३ |
| ६. | ३०८ | ऊर्जा, जलश्रोत तथा सिंचाइ मन्त्रालय | २५९५०० | ३०११४०० | ३२७०९०० |
| ७. | ३११ | महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय | १६९००० | ११५०० | १८०५०० |
| ८. | ३१२ | कृषि तथा भूमि व्यवस्था मन्त्रालय | १३८१८५० | ९७२०० | १४७९०५० |

| | | | | | |
|---|---|---|---|---|---|
| ९. | ३१४ | आन्तरिक मामिला तथा कानुन मन्त्रालय | २८०५११ | १७७४०० | ४५७९११ |
| १०. | ३२९ | वन तथा वातावरण मन्त्रालय | ११५०४२९ | ११०३२३५ | २२५३६६४ |
| ११. | ३३७ | भौतिक पूर्वाधार तथा यातायात व्यवस्था मन्त्रालय | ४५१५१७ | १००३६१०१ | १०४८७६१८ |
| १२. | ३४७ | शहरी विकास तथा खानेपानी मन्त्रालय | २५९३०० | ५१५००५५ | ५४०९३५५ |
| १३. | ३५० | सामाजिक विकास मन्त्रालय | १६९३७०८ | ११५०५२५ | २८४४२३३ |
| १४. | ३७० | स्वास्थ्य मन्त्रालय | ३१८०८६९ | २५७४९०० | ५७५५७६९ |
| १५. | ३९१ | प्रदेश योजना आयोग | २७८२६ | २४७४ | ३०३०० |
| १६. | ६०२ | आर्थिक मामिला तथा योजना मन्त्रालय-अर्थ विविध | ७५२७७६ | ३५०००० | ११०२७७६ |
| १७. | ८०१ | स्थानीय तह | ३१४१३१६ | ० | ३१४१३१६ |
| | | **जम्मा** | **१४३७३६३६** | **२४५८५९००** | **३८९५९५३६** |

**प्रमाणीकरण मिति २०८१/०३/३०**

**आज्ञाले,**

**निराजन घिमिरे**

**प्रदेश सचिव**